# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७८
## मेल्लेख गाउँपालिका
## अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदुरपश्चिम प्रदेश)**

प.सं. २०७८।७९ मितिः२०७८।५।४

च.नं ६६

श्री अध्यक्षज्यू,

मेल्लेख गाउँपालिका, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..................................
**( नारायण एम.सी. )**
नायब महालेखापरीक्षक

***बोधार्थ:***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)**

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं ६७

श्री अध्यक्षज्यू,
मेल्लेख गाउँपालिका, अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. लेखापरीक्षणबाट रु २ करोड ३१ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. ९५ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ३ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ८ हजार र म्याद नाघेको पेश्की बाँकी रु १४ लाख ३४ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना पच्चीस (२५) यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

नेपाल
२०१६

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..............................

**( नारायण एम.सी. )**

**नायब महालेखापरीक्षक**

# मेल्लेख गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १३८.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा २४६०० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | २९८,८३६,८०९.५८ |
| | क) नगद | - | २ | पूँजीगत खर्च | ११२,२२६,८१५.३६ |
| | ख) बैंक | - | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| २ | राजस्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १,८०५,७६९.६५ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ५८,९७२,२१२.५७ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | लगानी | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | ऋण लगानी | |
| | क) वित्तिय समानीकरण अनुदान | ९१,३००,०००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | २६४,६२९,६९६.८१ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | ९,४००,०००.०० | ५ | धरौटी फिर्ता | ९०४,२९१.०० |
| | घ) विशेष अनुदान | १६,४४२,०००.०० | ६ | जनश्रमदान फिर्ता | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | कोष फिर्ता | |
| | क) वित्तिय समानीकरण अनुदान | ६,८७५,०००.०० | ८ | मौज्दात | |
| | ख) सशर्त अनुदान | १०,२२४,०००.०० | | क) बैंक मौज्दात | २९,५३४,०७२.९३ |
| | ग) समपुरक अनुदान | १४,०७६,०००.०० | | ख) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | ७,५००,०००.०० | ९ | शसर्त अनुदान फिर्ता | ४०,६२६,९८१.१६ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १० | गत बर्षको बढी अल्या | |
| ६ | अन्य | | ११ | जनश्रमदान मौज्दात | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | १२ | धरौट मौज्दात | १,६८१,२५२.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) सडक बोर्ड नेपाल | | १३ | कोष खाताको मौज्दात | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | |
| १० | धरौटी आय | २,५८५,५४३.०० | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | |
| १२ | अन्य विविध आय | | | | |
| | **जम्मा** | **४८३,८१०,२२२.०३** | | **जम्मा** | **४८३,८१०,२२२.०३** |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँगाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँगाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन। गाउँपालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ६२५८२०४८.०० ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ३. | **बैंक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छैन। कार्यालयलबाट खर्च खाताको बर्गिकरण अनुसार बैंक स्टेटमेन्ट पेश नभएकोले, श्रेस्ता बैंक हिसाब मिलानको विवरण एकिन गर्न सकिएन। | |

| सि.नं | खाताको नाम | श्रेस्ता अनुसार २०७७।३।३१को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता बिजोर बर्ष | १५२१२१७२.६ | १२५५४८१८.३ | २६५७३५४.३ |
| २ | पूँजिगत खर्च खाता बिजोर वर्ष | २३००१२७४.३ | २२१६८६९३.० | ८३२५८१.२ |
| ३ | मूल संचित कोष | २६९६००३०.१ | ८२७३५२६०.४ | ५५७७५२३०.३ |
| ४ | धरौटि खाता | ३००३३९.०५ | १६९६२५२ | १३९५९१२.९ |
| ५ | विविध कोष खाता | ० | १८०५७६९.६ | १८०५७६९.६ |
| ६ | विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ७ | प्रकोप व्यवस्थापन कोष | ७३६०४.४ | १८८८०४.४ | ११५२००.० |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा ६२५८२०४८.० | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्दछ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु १५२१२१७२.६६ , पुजीगत खर्च खातामा रु. २३००१२७४.३४ र विभाज्यकोषमा रु.० समेत गरी रु. ३८२१३४४७.० मौज्दात रहेको पाईयो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको, अभिलेख नराखेको ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन । | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिन वा सोभन्दा बढी भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>. निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ। | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | २९८८३६८०९ | ९६९४९२२० | ६६७९०११२ | १३५०९७४७५ | ७६२६७००१ |
| | पूँजिगत खर्चतर्फ | ११२२२६८१५ | ४८७२४५६ | २१०३१७४८ | ८६३२२६११ | ६६५२७८७९ |
| | **जम्मा** | ४११०६३६२४ | १०१८२१६७६ | ८७८२१८६० | २२१४२००८७ | १४२७९४८८१ |
| | प्रतिशत | ८४.९६ | २४.७ | २१.३ | ५३.८ | ३४.७ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार तेश्रो चौमासिकमा रु २२१४२००८७.०६ अर्थात ५३.८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १४२७९४८८१.७८अर्थात ३४.७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३५१०००० | १७२०५००० | ५१.३४ |
| २ | पूर्वाधार विकास | ७५७०७००० | ४११८६००० | ५४.४० |
| ३ | सामाजिक विकास | २४३४०७००० | १९५१६१००० | ८०.१७ |
| ४ | बातावरण तथा विकास | ०.०० | ०.०० | ०.०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८८७८००० | ४९१३००० | ५५.३३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६५०८२००० | ५२५३६००० | ८०.७२ |
| | **जम्मा** | **४२६५८४०००** | **३११००१०००** | ७२.९० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ८०.७२ प्रतिशत अन्य कार्यालय संचालन तथा प्रशासनिकमा छ भने वातावरण तथा विकासमा खर्च गरेको छैन ।

१०. **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १८०५७६९.६५ राजस्व बाँडफाँड र अनुदानबाट रु ४७९४१८९०९.४ समेत रु.४८१२२४६७९.० आम्दानी भएकोमा चालु तर्फ रु. २९८८३६८०९.५८ र पूँजिगत तर्फ रु ११२२२६८१५.३६ र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.४११०६३६२४.८ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३ प्रतिशत रहेको छ । ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.६९ प्रतिशत चालु र २७.३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट गाउँपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

११. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ६५६ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १९ | | | | १९ |
| सहायक कार्यक्रम संख्या | ६३७ | | | | ६३७ |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१२. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ७ | १ |

१३. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ६ | १६ | ११९ | ३९ | १५ | १९५ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाख सम्मका जम्मा ६ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र २२ वटा योजनाहरु रहेका छन् ।त्यसैले साना र वितरणमूखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१४. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको, यो बर्ष थप भएको ६ गरी कुल ६ विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भएको छ । | |
| १५. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्ष अन्तर सरकारी अख्तियारीबाहेकको कारोबारको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |
| | • **पदाधिकारी सुविधा** | |
| १६. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु ११७९०००.० सुविधा वापत भुक्तानी भएको छ । | |
| १७. | **पदाधिकारीलाई दोहोरो संचार भत्ता भुक्तानीः** सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।कार्यालयले गाउँपालिकाका निर्वाचित पदाधिकारीलाई ऐन बमोजिम संचार सुविधा एकमुष्ठ भुक्तानी गरेकोमा, सो सुविधा दोहोरो हुने गरी ११ पदाधिकारीहरुलाई रु ९४०००.० भुक्तानी गरेको छ।दोहोरो सुविधा बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | ९४०००.० |
| १८. | **पदाधिकारीलाई पोशाक भत्ताः** ४३/२०७६/७/२७, सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ।कार्यालयले गाउँपालिकाका कार्यपालिका सदस्यहरुको कोट, पाईन्ट लागायतको पोशाक खरिदका लागी रु २३११४३.० खर्च गरेको छ।सुविधा सम्बन्धि ऐनमा पोशाक सुविधा पाउने उल्लेख नभएकोले, नतोकिएको सुविधा बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | २३११४३.० |
| १९. | **अध्यक्षको विदेश भ्रमणः** १११/२०७६/१०/२१, भ्रमण खर्च नियमावली, २०६४ को नियम १४(१) मा पदाधिकारीहरुले वैदशिक भ्रमणमा जाँदा नियमावली बमोजिम पाउने दैनिक भत्ता, भ्रमण खर्च लगायतका कुन कुन सुविधा पाउने सोको निर्णय भ्रमण खटाउनु अघि निर्णय गर्नुपर्दछ भने नियम १४(२) मा सो बमोजिम निर्णयबिना आफुखुशी भ्रमणमा जाँदा दाबि बमोजिमका खर्चहरु नपाउने उल्लेख छ।कार्यालयले गाउँपालिका पदाधिकारीलाई वैदेशिक भ्रमण बापत रु १६३९८७.० भुक्तानी गरेकोमा नियमावलीको व्यवस्था अनुसार भ्रमणको निर्णय तथा मनोनयन पत्र संलग्न श्रेस्तामा पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश गरिनुपर्दछ। | |
| २०. | **पदाधिकारीलाई अनुगमन भत्ता** - सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ, तथा कर्मचारीहरुले कार्यालयको नियमित काम कारवाही संचालन गर्दा अतिरिक्त भत्ता वा लाभ लिन मिल्ने देखिदैन।गाउँपालिकाका १९ पदाधिकारीले | १६३२००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन बापत रु १६३२००.० अनुगमन भत्ता बुझेकोले, नतोकिएको भत्तामा भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | |
| २१. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु ८००००.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २२. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु २५०००००.० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. १८०५०००.० अर्थात अनुमान भन्दा २७.८ प्रतिशत बढी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २३. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।रु हजारमा<br>केन्द्रिय अनुदानबाट खर्च: ४७९४१८९०९.४ ; आन्तरिक आय: १,८०५,७६९.६५ ; आन्तरिक आय प्रतिशत: ०.३<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४. | **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७९४१८९०९.४ | १,८०५,७६९.६५ | ०.३ |

| **आय शीर्षक** | **अनुमान** | **असुली** |
|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | | |
| घरजग्गा वहाल कर | ५०००० | १८१५० |
| व्यवसाय कर | ३३६५०० | २२० |
| वहाल विरौटी शुल्क | | |
| सवारी साधन भाडा | ९८३९०० | १४९४५९ |
| अन्य प्रशासनिक सेवा शुल्क | २०००० | २९२८०० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा १३९०४००.० ४६०६२९.० <br> गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २५. | **राजश्व अभिलेख :** कार्यालयलको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा फिर्ताको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन।अघिल्लो आ.व.को समेत विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन।यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ।साथै सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| २६. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| | **उपभोक्ता समितिमार्फत निर्माण** | |
| २७. | **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| २८. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| २९. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ३०. | **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ घ मा उपभोक्ता समिति (३) निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन। साथै नियम ९७ मा (७) प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समितिले काम कारबाहीको सम्बन्धमा सार्वजनिकलेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ३१. | **अनुगमन प्रतिवेदन नभएकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७६/७७ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा **ICT** को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ ।शिक्षा समितिले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा **ICT** को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ। | |

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | पिपलसैन मा.वि. ठाँटी दर्बा | माध्यमिक विद्यालयमा **ICT** स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| २ | शोडषा आ.वि. नवाघर | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००.० |
| ३ | दुर्गादेवी मा.वि. नन्देगडा | माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| | **जम्मा** | | १९५००००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **अग्रिम कर कट्टि नभएकोः** आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार परामर्श सेवा वापत १५ प्रतिशत कर कट्टि गर्नुपर्नेमा कार्यालयले **RUDeC** नामक गैह्रसरकारी संस्थालाई सोको बिजक विना रु | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>१७९४०७१.५० भुक्तानी गरेकोमा अग्रिम कर कट्टि गरेको छैन। नियमानुसार १५ प्रतिशतले हुने अग्रिम कर रु २६९११०.७२ सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु</td><td>२६९११०.०</td></tr>
<tr><td>३३.</td><td>भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>भ्रमण दिन</th><th>स्थानिय भत्ता दर प्रति दिन</th><th>कट्टि हुनुपर्ने रकम</th></tr>
<tr><td>११०/२०७७-३-२५</td><td>गोबिन्द ब. बोहरा</td><td>ना.प.स्वा.प्रा</td><td>६</td><td>१८३.६</td><td>११०१.६</td></tr>
<tr><td>११०/२०७७-३-२५</td><td>कृष्ण ब. रोकाया</td><td>पशु अधिकृत</td><td>२</td><td>२९३.३</td><td>५८६.६</td></tr>
<tr><td>१२६/२०७७-३-२५</td><td>हिक्मत ब.बुढा</td><td>नि.प्र.प्र.अ</td><td>(५+५+४+५+५ +५+३)३२</td><td>२९३.३</td><td>९३८५.६</td></tr>
<tr><td>१२६/२०७७-३-२५</td><td>डम्बर ब.बोगटी</td><td>आ.ले.प</td><td>६</td><td>१८३.६</td><td>११०१.६</td></tr>
<tr><td>१२६/२०७७-३-२५</td><td>बिक्रम भण्डारी</td><td>रोजगार संयोजक</td><td>६</td><td>२९३.३</td><td>१७५९.८</td></tr>
<tr><td>१२६/२०७७-३-२५</td><td>नमराज भण्डारी</td><td></td><td>६</td><td>१८३.६</td><td>११०१.६</td></tr>
<tr><td>१२९/२०७७-३-२५</td><td>पुष्प ब. बुढा</td><td>S.A.H.W</td><td>६</td><td>२९३.३</td><td>१७५९.८</td></tr>
<tr><td>१२९/२०७७-३-२५</td><td>देवेन्द्र ब. साउद</td><td>A.H.W</td><td>(२+४+८)१४</td><td>१८३.६</td><td>२५७०.४</td></tr>
<tr><td>१३०/२०७७-३-२५</td><td>बिर ब.ठकुल्ला</td><td>H. A</td><td>(३+३+३)९</td><td>१८३.६</td><td>१६५२.४</td></tr>
<tr><td>१३०/२०७७-३-२५</td><td>हिक्मत ब.बुढा</td><td>नि.प्र.प्र.अ</td><td>(६+६)१२</td><td>२९३.३</td><td>३५१९.६</td></tr>
<tr><td>१४४/२०७७-३-२८</td><td>नमराज भण्डारी</td><td></td><td>६</td><td>१८३.६</td><td>११०१.६</td></tr>
<tr><td>१४४/२०७७-३-२८</td><td>बिरेन्द्र ब. खड्का</td><td></td><td>६</td><td>२९३.३</td><td>१७५९.८</td></tr>
<tr><td colspan="6">गाउँपालिका चालुतर्फ</td></tr>
<tr><td>१२६/२०७६/१०/२४</td><td>हिक्मत बा बुढा</td><td>नि.प्र.प्र.अ</td><td>३४</td><td>२९३</td><td>९९६२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३७३६१.०</td></tr>
</table>

- अन्य कर्मचारीको हकमा बढी भुक्तानी भएको रकम तहाँबाट यकिन गरी असुल गरिनुपर्दछ।</td><td>३७३६१.०</td></tr>
<tr><td></td><td>सशर्त पूँजिगत</td><td></td></tr>
<tr><td>३४.</td><td>विद्यालय भवनः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६/७७ बमोजिम विद्यालय भौतिक पूर्वाधार निर्माण सुधार तर्फ सम्झौता गरी निर्माण कार्यको नापजाँचको आधारमा रकम निकासा गर्नुपर्दछ । विद्यालयको कार्य सम्पन्न भए पछि मात्र अन्तिम किस्ताको रकम निकासा दिनुपर्नेमा कार्यसम्पन्न नहुँदै सबै रकम निकासा भएको छ ।विद्यालय निर्माण तर्फको अनुदान रकममा कन्टिन्जेन्सी कट्टा नगर्नुपर्नेमा गाँउपालिकाले ४ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरेको छ ।
<table>
<tr><th>विद्यालय</th><th>कार्य</th><th>पाउने रकम</th></tr>
<tr><td>मस्टामाण्डौ प्रा.वि.</td><td>४ कोठे भवन निर्माण</td><td>३२०००००.०</td></tr>
<tr><td>पिपलचौर मा.वि</td><td>४ कोठे भवन निर्माण</td><td>३२०००००.०</td></tr>
<tr><td>खापर आ.वि</td><td>२ कोठे भवन निर्माण</td><td>१६०००००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८००००००.०</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संघिय विशेष अनुदान** | |
| ३५. | **कर बिजक विना भुक्तानीः** गाँउपालिकामा १५ शैय्याको अस्पताल निर्माण गर्न जाल्पादेवी निर्माण सेवासंग रु ७३३१९०८.० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७७-२-६ मा सम्झौता भएको छ ।निर्माण व्यवसायीले ५७/२०७७-३-३१ मा रु २०८५०००.० को काम गरी लिएको भुक्तानीमा रु २४००१५.० मू.अ.कर भुक्तानी भएकोमा कर बिजक संलग्न नभएकोले कर बिजक विनाको भुक्तानी दाखिला भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु<br>आर्थिक वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा गाँउपालिकाले आ.व.को अन्तमा ठेक्का व्यवस्थापन गरेको छ ।आर्थिक वर्ष भित्र कार्यसम्पन्न भएको छैन । | २४००१५.० |
| ३५.१. | **मू.अ.कर कट्टा नगरेकोः** ३०/२०७७-३-२५ कालिका आधारभूत विद्यालय भवन निर्माण स्वरुप रु २००१३५०.० भुक्तानीमा मू.अ.कर ५० प्रतिशत कट्टा नगरेकोले मू.अ.कर रु २३०२४४.० दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु | २३०२४४.० |
| ३५.२. | त्यसैगरी ५ प्रतिशत धरौटी कट्टा गरेको रु ८८५५५.० धरौटी खातामा जम्मा नगरेकोले धरौटी जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु | ८८५५५.० |
| | **संघिय समपूरक** | |
| ३६. | **बढी भुक्तानीः** ४९/२०७७-३-३१ वडा नं ७ को भवन निर्माण कार्य स्वरुप बिल रकम रु १६५६४९५.०(भ्याट समेत) भुक्तानी गर्नुपर्नेमा रु १६८५०००.० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु २८५०५.० असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु | २८५०५.० |
| ३६.१. | सोही भुक्तानीमा ५० प्रतिशत मू.अ.कर कट्टा गर्नुपर्नेमा नगरेको कारण मू.अ.कर रु १९०५७०.० दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु<br>संघिय समपूरक र गाँउपालिका श्रोतबाट ५०/५० प्रतिशत खर्च व्यहोर्नुपर्नेमा कुल खर्च रु ६४११०००.० मा पुरै खर्च समपूरक श्रोतबाट मात्र ब्यहोरेको छ । | १९०५७०.० |
| | **स्थानीय पूर्वाधार कार्यक्रम तर्फः** | |
| ३७. | **उपभोक्तालाई बढी भुक्तानीः** ७।०७७।३।२१ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७)४(मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्धीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।चण्डिका मा वि को माथिल्लो तला निर्माणको लागत अनुमान रु २५,००,०००।-तयार गरी रु ५,००,०००।-जनश्रमदान हुने गरी संझौता भएकोमा रु २१,२१,२८९।-मुल्यांन भई आए वमोजिम संझौता अनुसार रु १६,९७,०३१।- दिनु पर्नेमा रु १९,२०,०००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम रु २,२२,९६८।- असुल हुनु पर्ने रु | २२२९६८.०० |
| ३८. | **पिपलाचौर खेल मैदानः** ५।०७७।३।१५यस खेल मैदान निर्माणको लागत अनुमान रु १३,३३,७४४।-तयार गरी रु ३,३३,७४४।- जनश्रमदान हुने गरी संझौता भएकोमा रु १२,९३,७४४।- मुल्यांन भई आए वमोजिम संझौता अनुसार रु ९,१५,९०८।- दिनु पर्नेमा रु ९,४५,८००। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रकम रु २९,६९२।- असुल हुनु पर्ने | २२९६९२.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

३९. **ओभरहेड भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।गाउंपालिकाले निम्न योजनामा उपभोक्तालाई भुक्तानी दिंदा ओभरहेड सहितको दरवाट गणना गरी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु — बेरुजू रकम: ३०६८००.०

| योजाको नाम | कामको विबरण | कुल मुल्यांकन रकम | बढी भुक्तानी भएको १५ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| चण्डिका मा वि भवन निर्माण | भवनको माथिल्लो तला थप | १४३१८२७ | १८६७६० |
| चण्डिका देवी मा वि भवन निर्माण | भवन निर्माण | ९२०३०९ | १२००४० |
| | **जम्मा** | | **३०६८००** |

सवै योजनाको दर विश्लेषणा पेश नभएकोले थप यकिन हुन नसकेकोले अन्य योजनाहरुमा समेत ओभरहेड सहितको दरले उपभोक्ता समितिहरुलाई भुक्तानी गरेको देखिंदा यकिन गरी बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ ।

४०. **नन्देश्वरी मा वि भवनः** ३।०७७।३।३१ यो भवन निर्माणको लागि मु अ बर समेत रु ५५२७०६२।६५को लागत अनुमान स्वीकृत गरे अनुसार ठेक्का ब्यवस्थाको लागि सूचना प्रकाशन गरे बमोजिम दर्ता हुन आएका २ वटा बोलपत्र दाता हरुमध्ये ०.०९ प्रतिशत घटी कबोल गर्ने बोलपत्र दाता भिम निर्माणसेवाको को कबोल अंक मु अ कर समेत रु ५५२१६७७।६६स्वीकृत गरी २०७७।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।२।२९मा भएको संझौता देखिन्छ ।सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

४०.१. **प्रतिस्पर्धाः** सार्बजनिक खरिद ऐन २०६३ को दफा २६)६(मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने ब्यवस्था छ । ठेक्का ब्यवस्थाको लागि बोलपत्र आह्वान गरेकोमा विक्री भएका विभिन्न बोलपत्र हरुमध्ये दर्ता हुन आएका ३ वटा बोलपत्र दाताहरुमध्ये २ वटाले लागत अनुमान भन्दा बढी कबोल गरेको र १ जनाले करिव लागत अनुमान वरावर उल्लेख गरेको देखिंदा बोल पत्र दाताहरु वीच मिलोमतो नभई स्वतन्त्ररुपमा प्रतिष्पर्धात्मक वातावरणमा खरिद कार्य भएको सम्बन्धमा विश्वस्थ हुने आधार देखिएन ।

४१. **पेश्की रकमः** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीलाई अग्रिम बैंक जमानत लिई खरिद सम्झौताको रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । पेश्की दिदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधारमा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ ।गाँउपालिकाले देहायको कार्यमा सो ऐन बमोजिम पेश्की रकम नदिने सम्झौता पश्चात पुरै पाउने पेश्की रकम नै उपलब्ध गराएको छ ।ऐनको मनसाय बमोजिम नै पेश्की उपलब्ध गराउनुपर्दछ ।

| **भौ नं मिति** | **कार्यक्रम** | **सम्झौता रकम** | **पेश्की रकम** |
|---|---|---|---|
| १३/२०७७-३-२ | षोडशा आ.वि भवन निर्माण | ४३४३५५०.० (भ्याट बाहेक) | ९८१०००.० |
| १६/२०७७-३-३ | वडा नं २ को भवन निर्माण | ४३४३५५०.० (भ्याट बाहेक) | ११०००००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वडा नं २ को वडा कार्यालय भवन निर्माणको प्रथम विल रकम रु १५२५२००.० मा मू.अ.कर ५० प्रतिशत कट्टा नगरेकोले मू.अ.कर रु १७२४२१.० दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | १७२४२१.० |
| ४२. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १,२,३,४,५,६,७ र ८ का ४१५ जनालाई रोजगारी उपलव्ध गराई रु ४७२४५६३.० खर्च गरेको छ ।लक्षित वर्गलाई १० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ४३. | **धरौटी कट्टा नगरेको:**सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(४)मा सार्बजनिक निकायले संझौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीको प्रत्येक रनिङ विलवाट बिल वा बिजकमा उल्लेखित रकमको ५ प्रतिशत रिटेन्सन वापतको रकम कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ ।गाउंपालिकाले विभिन्न निर्माण कार्यको भुक्तानीमा निम्न निर्माण ब्यवसायी संग भएको संझौता बमोजिम ५ प्रतिशत धरौटी कट्टा नगरी रु ६९५२३.०भुक्तानी दिएको देखिएकोले कट्टा गर्नुपर्दछ। | |

| गो भौ नं. र मिति | योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी गरेको रकम | कट्टा गर्नु पर्ने धरौटी रकम |
|---|---|---|---|---|
| १०।०७६।८।३० | नन्देगडा शोडषा सडक | के एम कन्स्ट्रकसन | ४८७१६४ | २१५५५ |
| १७।०७६।८।११ | नन्देगडा शोडषा सडक | पार्वती निर्माण सेवा | ४३७०६२ | १९३३९ |
| २२।०७६।८।११ | मेल्लेख सरानी टांडी सडक | विन्देवासिनी नि से | ६४७०२४ | २८६२९ |
| | | **जम्मा** | | **६९५२३** |

उपरोक्त वमोजिमको योजनाको अतिरिक्त अन्य योजनाहरुको निर्माण व्यवसायीलाई समेत धरौटी कट्टा नगरी भुक्तानी दिएको देखिएकोले सो समेत यकिन गरी कट्टा भएको प्रमाण पेश हुनु पर्दछ ।

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४४.</td><td>सोझैखरिदः सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य र जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र र नियम ३१ अनुसार सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद कार्य गराउनु गर्नुपर्ने व्यवस्था छ।यस कार्यालयले निम्नानुसार एकै प्रकृतिको खरिद खुलाकोटेशन एवं सोझै दर रेट माग गरी निर्माण कार्य गराएको छ।<br>
<table>
<tr><th>गो.भौ.र मिति</th><th>खरिद विवरण</th><th>आपूर्तिकर्ताको नाम</th><th>संझौता एवं भुक्तानी रकम</th></tr>
<tr><td>२२।०७६।८।१३</td><td>मेल्लेख सरानी टांडी सडक</td><td>विन्देवासिनी नि से</td><td>६४७०२४</td></tr>
<tr><td>२३।०७६।८।१३</td><td>मेल्लेख सरानी टांडी सडक</td><td>एम टि कन्स्ट्रक्सन</td><td>४९०८२३</td></tr>
<tr><td>१०।०७६।८।३</td><td>नन्दगाडा मेल्लेख सडक</td><td>के एम कन्स्ट्रक्सन</td><td>४८७१६४</td></tr>
<tr><td>१७।०७६।८।११</td><td>नन्देगाडा शोडषा सडक</td><td>पार्वती निर्माण सेवा</td><td>४३७०६२</td></tr>
<tr><td>१९।०७६।८।११</td><td>मेल्लेख काटेगाउं सरानी</td><td>भिम निर्माण सेवा</td><td>४५१९२५</td></tr>
<tr><td>२०।०७६।८।११</td><td>मेल्लेख काटेगाउं सरानी विभिन्न वडाहरुको</td><td>भिम निर्माण सेवा</td><td>४६१२३१</td></tr>
<tr><td>९१।०७७।१।२४</td><td>मेशिनरी ओजार खरिद</td><td>उग्रतारा ट्रेडिङ हाउस</td><td>४७६७०२</td></tr>
<tr><td>९२।०७७।१।२४</td><td>मेशिनरी ओजार खरिद</td><td>उग्रतारा ट्रेडिङ हाउस</td><td>१२४२१०</td></tr>
<tr><td>९३।०७७।१।२४</td><td>मेशिनरी ओजार खरिद</td><td>उग्रतारा ट्रेडिङ हाउस</td><td>१०९१५८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६८५२९९</td></tr>
</table>
उपरोक्त वमोजिम खुला कोटेशन वाट सडक मर्मत तथा अन्य खरिद कार्य गराएको सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>४४.१.</td><td>दोहोरो भुक्तानीः २२।०७६।८।१३ मेल्लेख सरानी टांडी सडकमा २ वटा निर्माण व्यवसायी विन्देवासिनी निर्माण सेवा र विन्देवासिनी नर्माण व्यवसायी लाई पहिरो सफा गर्ने कार्यको भुक्तानी दिएकोमा चेनेज नखुलाएको र स्थान एउटै भएकोले एउटै कामको दोहोरो भुक्तानी गरेको देखिन्छ । तसर्थ सो कार्यमा दोहोरो परे नपरेको सम्बन्धमा यकिन मुल्यांकन सहितको आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने देखिएको रु</td><td>६४७०२४.०</td></tr>
<tr><td>४४.२.</td><td>दोहोरो कर विजकः मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।उपरोक्त बमोजम एकै व्यक्तीले २ वटा निर्माण व्यवसायीको नाम वाट एउटै कर विजकमा अलग अलग नाम र पान नं.उल्लेख गरी विजक नं.संच्चाएको कर विजक वाट विजक नं.१ मिति २०७६।८ १२ वाट एम टि कन्स्ट्रकसन र अर्को विजक नं.१ मिति २०७६।८।१३ वाट विन्दवासिनी निर्माण सेवाको नाम वाट एउटै व्यक्तीले हस्ताक्षर गरेको अलग अलग विजक पेश गरेको आधारमा भुक्तानी लिएको देखिएकोले सो सम्वन्धमा छानविन गरी नक्कली कर विजक पेश गर्ने उपर आवस्यक कार्वाही हुनु पर्दछ । साथै केरमेट गरी सच्चाएर पेश गरेको विजकवाट भुक्तानी भएको मु अ कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा निम्नानुसार असुल हुनु पर्ने रु<br>
<table>
<tr><th>गो भौ र मिति</th><th>विजकको नाम</th><th>भुक्तानी रकम</th><th>मु अ कर रकम</th></tr>
</table></td><td>१३०९०२.०</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २२।०७६।८।१३ | विन्देवासिनी नि से | ६४७०२४ | ७४४३६ |
| २३।०७६।८।१३ | एम टि कन्स्ट्रक्सन | ४९०८२३ | ५६४६६ |
| जम्मा | | | १३०९०२ |

**४५.**

**मु.अ.कर समायोजनः** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। गाउंपालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु ७,२०,६५१।-सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.

बेरुजू रकम: ७२०६५१.०

| **गो.भौ.र मिति** | **आपूर्तकको नाम** | **भुक्तानी रकम** | **भुक्तानी भएको मु अ कर रकम** |
|---|---|---|---|
| २२।०७६।८।१३ | विन्देवासिनी नि से | ४७११७६ | |
| २३।०७६।८।१३ | एम टि कन्स्ट्रक्सन | ४९०८२३ | ५६४६६ |
| ११७।०७७।३।९ | जे के ई एण्ड एशोसिएटस | ४१५७०० | ४७८२३ |
| **स्थानीय पूर्वाधार तर्फ** | | | ००० |
| १३।०७७।३।२४ | भिम निर्माण सेवा | ४८८६४३९ | ५६२१५६ |
| | **जम्मा** | | **७२०६५१** |

उपरोक्त वमोजिमको मु अ कर समायोजन अन्य भुक्तानीहरुमा समेत ५० प्रतिशत कट्टा गरेको नदेखिएकोले अन्य आपूर्तिकर्ता तथा निर्माण व्यवसायीले भुक्तानी लिएको हकमा समेत यकिन गरी मु अ कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

**४६.**

**परामर्श खर्चः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ७२ मा ऐनको दफा ६(क) बमोजिमको मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताब माग गरी प्राप्त प्रस्ताबहरुको गुणस्तर र लागत बिधि अनुसार छनोट गर्नु पर्ने ब्यवस्था गरेको छ ।यस गाउंपालिकाले यो वर्ष विभिन्न परामर्शदताहरुबाट निम्नानुसार परामर्श सेवा लिएको छ ।

| गो भौ र मिति | परामर्शदाता | योजनाको नाम | संझौता रकम मु अ कर समेत | भुक्तानी रकम मु अ कर समेत |
|---|---|---|---|---|
| १४।०७६।८।६ | रिसर्च डिजाईन एण्ड प्रा लि | गा पा भवन डि पि आर वापत | ११६८७३२ | ११६८७३२ |
| २६।०७६।८।३० | सैपाल ई एण्ड क | नन्देगडादुपाल्ला सोडषा सडक | १३८९९०० | १३८९९०० |
| ११७।०७७।३।९ | जे के ई एशोसिएटस प्रा लि | बुडगंगा मल्लेख सडक | ४१५७०० | ४१५७०० |
| | | **जम्मा** | | २९,७४,३३२। |

उपरोक्त वमोजिमको परामर्श खर्च सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६.१. | **लागत टुक्राएकोः** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम सार्वजनिक निकायले खरिद गर्दा मितव्ययी र प्रतिस्पर्धी रुपमा खरिद हुनुपर्दछ । सो खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद कार्य तथा परामर्श सेवा लिन नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद कार्य गराउन नहुने उल्लेख छ । खरिद गर्नु पूर्व वार्षिक खरिद आवश्यकता पहिचान गरी खरिद योजना वनाई सोही वमोजिम उपयुक्त खरिद विधि छनौट गरी प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गराउनु पर्नेमा गाउंपालिकाले उक्त परामर्श सेवा खरिदमा २० लाख भन्दा घटी गराई प्रतिष्पर्धा वेगर डि पि आर वापत ३ परामर्शदातालाई रु २९,७४,३३२।- भुक्तानी गरेको नियमसम्मत देखिएन । | |
| ४६.२. | उपरोक्त वमोजिम डि पि आर गरेका योजना हरुमा यो वर्ष निर्माण कार्य प्रारम्भ गरेको देखिएन ।कुनै पनि योजनाको लागि बजेटको सुनिश्चता भए पश्चात डि पि आर गर्ने र डि पि आर अनुसार कार्य गर्नु गराउनु पर्ने देखिन्छ। | |
| ४७. | **दर बढी राखेकोः** २०।०७६।८।११ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।यस गाउंपालिकाले विभिन्न स्थानको पैरो सफा गर्ने कार्यको लागि २५६२ घनमीटर लाई ३७.९६ प्रतिशत कडा चट्टान र ६२.०४ प्रतिशत कडा माटोको हिसावले दर विश्लेषण गरी लागत अनुमान तयार गरी भिम निर्माण सेवा संग सोझै वार्ता गरी पैरो सफा गरेको देखाई रु ४,६१,२३१।- भुक्तानी गरेको देखियो।पैरो सफा गर्ने कार्यको लागि कडा चट्टान कटिङको दर राखि लागत अनुमान तयार गर्नु स्वभाविक नदेखिएको र वाटो सफा गर्ने कार्यमा समेत करिव ३८ प्रतिशत कडा चट्टान राखि लागत अनुमान तयार गरी सोही वमोजिम भुक्तानी गरेको देखिएकोले सो कार्यको दर विश्लेषण विश्वसनीय नदेखिएकोले सो सम्वन्धमा थप छानविन गरी यकिन गर्नु पर्ने अन्यथा कडा माटोको दर मु अ कर समेत रु १४१.८४ले हुने रु ३,६३,४१६।८८भन्दा बढी भुक्तानी गरेको रु ९७,८१४।-असुल हुनु पर्ने देखिएको रु | ९७८१४.० |
| ४८. | **यात्रु वस सञ्चालनः** यस गाउंपालिकाले यात्रु बस संचालन गर्ने कार्यको लागत अनुमान स्वीकृत गरी ठेक्का ब्यवस्थाको लागि २०७६।६।२मा सूचना प्रकाशन गरे बमोजिम दर्ता हुन आएका २ वटा बोलपत्र दाता हरुमध्ये घटी कबोल गर्ने बोलपत्र दाताको कबोल अंक रु ७७८९९९९।स्वीकृत गरी ७५ दिन भित्र आपुर्ती गर्नेगरी २०७६।८।१मा संझौता भए अनुसार २०७७।३।३१मा २ वटा बस आपर्ति भई दाखिला भएको देखिन्छ ।सो खरिद कार्यको ठेक्का फाईल कार्यसंपादन जमानत राखेको प्रमाण लगायतको आवस्यक प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले खरिद प्रकृया सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । साथै उक्त वस निर्धारीत स्पेशिफिकेशन अनुसार प्राप्त भए नभएको सम्वन्धमा मुल्यांकन प्रतिवेदन पेश नभएकोले सो समेत यकिन हुन नसकेको रु | ७७८९९९९.० |
| ४८.१. | **धरौटीः** उक्त आपूर्तिकर्ता संग भएको संझौता तथा सार्बजिनक खरिद नियमावली २०६४अनुसार कट्टा गर्नु पर्ने ५ प्रतिशत धरौटी वापत रु ३, ४४,६९०।- कट्टा नगरी भुक्तानी गरेको रकम कट्टा हुनु पर्दछ। | |
| ४९. | **सब-कन्ट्रयाक्टरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७मा उपभोक्ता समिति वा (१०) लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ ।कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।यस गाउं पालिकाले विभिन्न सडक | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी वडाकार्यालय देखि सुतङ्कुला सडक नन्दमाता खेल मैदान निर्माण लगायतका कतिपय योजनाहरु सब-कन्ट्र्याक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा काम सम्पन्न कर समेत भुक्तानी गरेको छ। ।यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको.अ.मु गर्न नसकेको अवस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब-कन्ट्र्याक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्यहभार पर्ने हुन्छ ।तसर्थ सो सम्बन्धमा गाउंपालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>प्रदेश सरकार अनुदानतर्फ</td><td></td></tr>
<tr><td>५०.</td><td>नन्देगडा रिठागाउ सुख्खा पहिरो पिडित घर टहरा निर्माणः ४/२०७७/३/१०, कार्यालयले नन्देगडा रिठागाउ सुख्खा पहिरो पिडित घर टहरा निर्माणको लागी र मिति २०७६/१०/२० मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ।सम्झौता बमोजिम घर निर्माणको लागत रु ७२८५९७३.० रहेकोमा, उपभोक्ताको अंश रु १८२१४९३.० (लागत सम्झौता रकमको २५ प्रतिशत) रहेको छ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।</td><td></td></tr>
<tr><td>५०.१.</td><td>उपभोक्ताको अंशः योजनाको भुक्तानीको कार्यसम्पन्न बमोजिम कार्यालयले रु ६३७९४२१.० कार्य मापन भएको छ।सम्झौता बमोजिम उपभोक्ता अंश आनुपातिक रुपमा रु १५९४८५५.० (२५ प्रतिशत) कट्टी हुनुपर्नेमा, कार्यालयले रु १३७९४२३.० (अर्थात् २१.६२ प्रतिशत) मात्र उपभोक्ताको अंश कट्टा गरेको छ।सम्झौता बमोजिम उपभोक्ताको अंश कट्टी नगरी घटी जनश्रमदान रु २१५४३२.० कायम गरी रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु</td><td>२१५४३२.०</td></tr>
<tr><td>५०.२.</td><td>उपभोक्ताको बिलः योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार कार्यालयले Reinforcement कार्य १३४०४ के.जी प्रमाणित गरी प्रति के.जी ११.४४ का दरले मू.अ.कर भुक्तानी गरेको छ।संलग्न श्रेस्ता अनुसार उपभोक्ताले Reinforcement को ८००० के.जिको मात्र बिजक पेश गरेकोले, ५४०४ के.जी को मू.अ.कर बापतको रकम उपभोक्तालाई बढी भुक्तानी भएको रु ६१८२४.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु</td><td>६१८२४.०</td></tr>
<tr><td>५१.</td><td>ठेक्का व्यवस्थापनमा प्रतिस्पर्धा नभएकोः सार्बजनिक खरिद ऐन २०६३ को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतोगरी बोलपत्र दाखिला गरेको प्रमाण भएमा सो बोलपत्रहरु खारेज हुने व्यवस्था रहेको छ।कार्यालयले देहायका ठेक्काहरुमा, निम्नानुसार बोलपत्र बिक्री भएकोमा, न्युन मात्रामा बोलपत्र दर्ता भएको देखिन्छ।सोको मूल्याङ्कनमा लागत अनुमानकै हाराहरीमा बोलपत्र पर्न गएकोले, खरिद प्रक्रिया मितव्ययी एवम् प्रतिस्पर्धि भएको मान्न सकिएन।
<table>
<tr><th>कार्य</th><th>लागत अनुमान</th><th>कबोल अंक</th><th>बोलपत्र विक्रि थान</th><th>बोलपत्र दर्ता</th></tr>
<tr><td>नवदुर्गा आ.वि भवन निर्माण</td><td>२०२१७३८</td><td>२०१६१३४</td><td>विवरण पेश नभएको</td><td>३</td></tr>
<tr><td>नन्देश्वर मा वि भवन निर्माण</td><td>२०२१७३८</td><td>२०१२८३३</td><td>विवरण पेश नभएको</td><td>३</td></tr>
<tr><td>जानकी आ वि भवन निर्माण</td><td>२०२१७३८</td><td>१९९५७८४</td><td>विवरण पेश नभएको</td><td>३</td></tr>
<tr><td>बह्रम देवस्थली भवन निर्माण</td><td>२४८५९५</td><td>२३८३८७८</td><td>विवरण पेश नभएको</td><td>३</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>अधुरो भवन/संरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ।कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्यसम्पन्न पेश भएको छ।भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणका न्यून बजेट बिनियोजन गरी अधुरा अपुरा भवन संरचना निर्माण गरी रकम भुक्तानी भएको देखिएको छ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>८/२०७७/३/३१</td><td>दुर्गादिवी मा वि अधुरो भवन</td><td>१७३७०००.०</td></tr>
<tr><td>१९/२०७७/३/३१</td><td>बासुकी मा वि भवन निर्माण</td><td>१२५३८८३.०</td></tr>
<tr><td>२६/२०७७/३/३१</td><td>मालिका आ.वि</td><td>९७९०००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३.</td><td>
कार्यसम्पन्न नभएकोः कार्यालयले देहायको भवन निर्माणको लागी निम्नानुसार निर्माण सेवासँग २०७७ असार मसान्तमा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ।सो अवधिमा निर्माण सेवाले सम्पुर्ण कार्यसम्पन्न नगरी देहायको रकम बराबरको मात्र कार्य पुरा गरेको र सोही रकम भुक्तानी भएको छ।कार्यालयले बाँकी कार्यसम्पन्न गर्न योजनाको म्याद थप गरेको छैन भने समयमा कार्यसम्पन्न नगरेकोमा, निर्माण व्यवसायीलाई नियमानुसार कारवाही समेत गरेको छैन।सम्झौता अनुसार तोकीएको समयमा भवन निर्माणको सम्पुर्ण कार्यसम्पन्न, सो निर्माण व्यवसायीलाई नियमानुसारको हर्जना असुल गरी अधुरो कार्य सम्पन्न गराउनुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता रकम</th><th>सम्पन्न रकम</th><th>कार्यसम्पन्न हुन बाँकी रकम</th></tr>
<tr><td>२२/२०७७/३/३१</td><td>नवदुर्गा आ.वि भवन निर्माण</td><td>सि वि आर कन्स्ट्रक्सन</td><td>२०१६१३४</td><td>१००७८४०</td><td>१००८२९४</td></tr>
<tr><td>१७/२०७७/३/३१</td><td>नन्देश्वर मा वि भवन निर्माण</td><td>श्री बुद्दी निर्माण सेवा</td><td>२०१२८३३</td><td>९१७२३५</td><td>१०९५५९८</td></tr>
<tr><td>१६/२०७७/३/३१</td><td>जानकी आ वि भवन निर्माण</td><td>के एम् कन्स्ट्रक्सन</td><td>१९९५७८४</td><td>८०१७९९</td><td>११९३९८५</td></tr>
<tr><td>१५/२०७७/३/३१</td><td>बहम देवस्थली भवन निर्माण</td><td>एन एम डि निर्माण सेवा</td><td>२३८३८७८</td><td>१०४९६६१</td><td>१३३४२१७</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४६३२०९४.०</td></tr>
</table>
</td><td>४६३२०९४.०</td></tr>
<tr><td>५४.</td><td>
मू.अ.कर समायोजनः मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा फर्मको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ।कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु ४३४४६७.० सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.र मिति</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th><th>भुकतानी भएको मु अ कर रकम</th></tr>
<tr><td>२२/२०७७/३/३१</td><td>सि वि आर कन्स्ट्रक्सन</td><td>१००७८४०.०</td><td>११५९४६.०</td></tr>
<tr><td>१७/२०७७/३/३१</td><td>श्री बुद्दी निर्माण सेवा</td><td>९१७२३५.०</td><td>१०५५२२.०</td></tr>
<tr><td>१६/२०७७/३/३१</td><td>के एम् कन्स्ट्रक्सन</td><td>८०१७९९.०</td><td>९२२४२.०</td></tr>
</table>
</td><td>४३४४६७.०</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १५/२०७७/३/३१ \| एन एम डि निर्माण सेवा \| १०४९६६१.० \| १२०७५७.०<br>जम्मा \| ४३४४६७.० | |
| | **गाउँपालिका चालुतर्फ** | |
| ५५. | **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले गाडी, मोटरसाईकल तथा डोजरको मर्मतमा रु ७५९३५६.० खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ५६. | **इन्धन तथा मर्मतः** गाउँपालिकामा रहेका सवारीसाधनहरु (गाडि मोटर साइकल आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक राखेको पाइएन इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढ्ने संभावना रहने हुँदा मापदण्ड बनाइ खर्च गरीनु पर्दछ लग वुक तथा स्पष्ट मापदण्ड निर्धारण नगरी पदाधिकारी ईन्धन तथा गाउँपालिका कर्मचारी एवं कार्यालय प्रयोजनमा रु ९२४६६५.० विभिन्न बिलबाट एक मुष्ट खर्च लेखेकोले खर्चको यथार्थता यकिन गर्न सकिएन । | |
| ५७. | **जनता चुलो खाद्यन्न सहुलियत कार्यक्रमः** १६८/२०७७/१/८, २०८/१०७७/२/२२, कार्यालयले जनता चुलो खाद्यन्न सहुलियत कार्यक्रम संचालनका लागी मिती २०७६/१०/२९ गते के.वि ढुवानी सेवा/जयलाल निर्माण सेवासँग चामल र अन्य खाद्यन्न सामग्री खरिदको सम्झौता गरी रु २४९९०००.० भुक्तानी गरेको छ।गाउँपालिकाले कार्यक्रम संचालनको लागी कार्यविधि तयार गरेको छैन भने, खरिद भएका खाद्यन्न सामग्री वितरणको भरपाई, लाभग्राहो छनौटको निर्णय समेत पेश भएको छैन।साथै सहुलियत दरमा खाद्यन्न बिक्रि बापत प्राप्त आम्दानी कार्यालयमा दाखिला भएको नपाईएकोले, आम्दानी रकम यकिन गरी दाखिला गरिनुपर्ने रु | २४९९०००.० |
| ५८. | **बैठक भत्ताः** ५४५/२०७७/२/२९, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ।निकायका कर्मचारी तथा पदाधिकारी मात्र सम्मिलित भएको निम्मानुसार संख्याका पदाधिकारीहरुलाई, बैठक भत्ता बापत भुक्तानी भएको रु ३३७३००.० नियमसम्मत नदेखिएको रु | ३३७३००.० |

| भौ.नं/मिति | प्रयोजन | पदाधिकारी संख्या | रकम |
|---|---|---|---|
| २७१/२०७७/३/२३ | वडा न ३ वडा समिती वैठक | ७ | ४५९००.० |
| २७२/२०७७/३/२३ | वडा न १ वडा समिती वैठक | ७ | ४६७५०.० |
| २७४/२०७७/३/२३ | वडा न २ वडा समिती वैठक | ६ | ३८२५०.० |
| २८६/२०७७/३/२४ | वडा न ५ वडा समिती वैठक | ६ | ४५९००.० |
| ३१७/२०७७/३/२४ | वडा न ८ वडा समिती वैठक | ७ | ५४०००.० |
| ३६८/२०७७/३/३१ | वडा न ७ वडा समिती वैठक | ६ | ६०६००.० |
| ३६९/२०७७/३/३१ | वडा न ६ वडा समिती वैठक | ६ | ४५९००.० |
| **जम्मा** | | **४५** | **३३७३००.०** |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९. | **लागत अनुमान बिना कार्यक्रम संचालनः** १८०/२०७७/१/२२, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख माथिको कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान | ४९८३३०.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले युवा स्वरोजगार ड्राईभिङ्ग तालिम संचालन बापत शुभद्रा तालिम केन्द्रलाई रु ४९८३३०.० भुक्तानी गरेकोमा, सोको लागत अनुमान तयार गरेको छैन।साथै तालिमका लागी छनौट भएका लाभग्राहीको आधार, मापदण्ड तथा निर्णय समेत पेश भएको छैन।लागत अनुमानबिना भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | |
| ५९.१. | **११/२०७६/८/१३,** कार्यालयले गाउँपालिकामा संचालित आँखा शिविर संचालन बापत गेटा आँखा अस्पताललाई रु २९४१६५.० भुक्तानी गरेकोमा, सोको लागत अनुमान तयार गरेको छैन।साथै संलग्न फाँटवारी अनुसार शिविर संचालनको प्रमाण तथा कार्यक्रम प्रतिवेदन समेत पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश नभएको रु | २९४१६५.० |
| ६०. | **दर्ता चलानी सफ्टवेयरः**२९८/२०७७/३/२६, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।कार्यालयले Darta Chalani Management System Web based Software खरिद बापत सर्च सफ्ट नेपाल प्रा. लि. लाई रु १९८८८०.० भुक्तानी गरेकोमा, सोको लागत अनुमान तयार गरेको छैन।खरिद भएको सफ्टवेयर हालसम्म जडान भई प्रयोग समेत नभएकोले, लागत अनुमानबिना भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | १९८८८०.० |
| ६१. | **वडा कार्यालय सहायकहरुलाई दोहोरो तलब भुक्तानीः** ३४५/२०७७/३/३०, कार्यालयले वडा कार्यालयमा कार्यरत ८ जना कार्यालय सहयोगीहरुलाई कार्तिक, मंसिर र पुष महिनाको तलब भौ.नं १०२/२०७६/९/२७ बाट रु ४४४०००.० भुक्तानी गरेकोमा, सोही महिनाको छुट तलब भनी मिति २०७७/३/३० मा पुन रु ४४४०००.० भुक्तानी गरेको छ।तिन महिनाको दोहोरो तलब बापत भुक्तानी भएको सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ४४४०००.० |
| ६२. | **विद्यालय अनुदानः** कार्यालयले गाउँपालिका अन्तर्गत रहेका ४१ विद्यालयलाई दरबन्दी बाहेकका शिक्षक तथा अन्य कर्मचारी नियुक्त गरी तलब/भत्ता भुक्तान गर्ने प्रयोजनार्थ रु १०६६००००.० स्वयम् सेवक शिक्षक अनुदान निकासा गरेको छ। कार्यालयबाट प्राप्त विवरण अनुसार अधिकाँश विद्यालयमा शिक्षक आवश्यकभन्दा न्यून दरबन्दी भएतापनि, विद्यालय समायोजनका लागि गाउँपालिकाले प्रयास गरेको छैन। दरबन्दीबाहेक शिक्षक नियुक्तीको आवश्यकता पहिचान नभई, अनुदान निकासा गरेकोले निजहरुको कार्यसम्पादन सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गरिनुपर्दछ। | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ६३. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७६।७७ मा ८ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ८८३१४७६०.० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ६३.१. | **सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको प्रमुखको हुने व्यवस्था गरेको छ ।वितरण भर्पाईको परिक्षण गर्दा बालबालिका पोषण अनुदान भत्ता अन्तर्गत देहाय बमोजिम दोहोरो भत्ता वितरण गरेको र ५ वर्ष सम्मका बालबालिकालाई मात्र भत्ता वितरण गर्नुपर्नेमा ५ वर्ष उमेर पुगिसकेका बालबालिकालाई समेत देहाय बमोजिम भत्ता वितरण गरेको पाईयो ।लेखापरीक्षण योजना अनुसार परिक्षण | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरिएका वडाहरुरमध्ये निम्नानुसार दोहोरो भत्ता वितरण देखाई बढी खर्च लेखेको रकम रु ३९२००.० सम्बन्धितबाट असूल हुनुपर्ने रु | ३९२००.० |

| वडा नं. ४(बालबालिका पोषण अनुदान भत्ता) | | | | | |
|---|---|---|---|---|---|
| नाम | जन्म मिति | अभिभावकको नाम | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमसिक |
| अनिस साउद | २०७०-९-४ | मनसरा साउद | १६०० | १६०० | १६०० |
| आइसा साउद | २०७०-५-७ | खिना देवी साउद | १६०० | १६०० | १६०० |
| रमित साउद | २०७०-१०-२४ | सुन्तला देवी साउद | १६०० | ०.० | ०.० |
| रमिति साउद | २०७०-१२-४ | शारदा देवी साउद | १६०० | ०.० | ०.० |
| सपना साउद | २०७०-१२-२ | नन्दा देवी साउद | १६०० | ०.० | ०.० |
| सुस्मिता शाह | २०७०-११-४ | शान्ति देवी शाह | १६०० | ०.० | ०.० |
| वडा नं. ४(जेष्ठ नागरिक भत्ता-अन्य ) - दोहोरो | | | | | |
| शारदा देवी साउद | २००३-४-११ | ना.नं-६९३०१६/१३२९ | १२००० | ०.० | ०.० |
| वडा नं. ४(बालबालिका पोषण अनुदान भत्ता) - दोहोरो | | | | | |
| अस्विता साउद | २०७५-७-१३ | सिता साउद | १६०० | ०.० | ०.० |
| आकाश साउद | २०७५-१०-२२ | कल्पना साउद | १६०० | ०.० | ०.० |
| डिम्पल साउद | २०७१-९-२० | जुना देवी साउद | १६०० | ०.० | ०.० |
| नविन साउद | २०७५-५-२९ | जमुना देवी साउद | १६०० | ०.० | ०.० |
| प्रितिमा साउद | २०७५-६-२९ | जानकि देवी साउद | १६०० | ०.० | ०.० |
| बिन्दे साउद | २०७५-७-१० | वसन्ति साउद | १६०० | ०.० | ०.० |
| समिक्षा साउद | २०७४-१२-३० | कलसि देवी साउद | १६०० | ०.० | ०.० |
| | | | ३२८०० | ३२०० | ३२०० |
| जम्मा | | | ३९२००.० | | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३.२. | ९/२०७६/७/२७ वडा सचिव देवी बहादुर बुढाको पेश्की फछ्र्यौटमा ज्यष्ठ नागरिक दलिततर्फको छुट लाभग्राहीको नाम MIS मा प्रविष्ट नगराई छुट्टै भरपाई पेश गरी फछ्र्यौट गरेकोले, सो रकममा सम्बन्धमा यकिन गरिनुपर्ने रु | ८०००.० |
| ६३.३. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन । | |
| ६३.४. | **बैंक मार्फत भत्ता वितरण नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ ।गाउपालिकाले ८ वटै वडामा तीनै चौमासीकमा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो ।यसरी वितरित सामाजिक सुरक्षा सम्बन्धित सेवाग्राहीले प्राप्त गरे नगरेको यकिन हुन सकेन ।कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन ।लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>आन्तरिकलेखापरीक्षणबाट कायम बेरुजु</td><td></td></tr>
<tr><td>६४.</td><td>राष्ट्रिय परिचयपत्र कार्यक्रमः कार्यालयले एम्.आई.एस् अपरेटर र फिल्ड सहायकलाई संचार खर्च बापत बढी भुक्तानी भएको रु ४३२००.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>४३२००.०</td></tr>
<tr><td>६५.</td><td>सामाजिक सुरक्षाः १८/२०७७/२/४, वडा सचिव गोविन्द बहादुर रावलको पेश्की फछ्र्यौटमा बाल पोषण अनुदान भत्ता सि.न. ४१ को लाभग्राहीलाई केरमेट गरी बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु</td><td>१२००.०</td></tr>
<tr><td>६५.१.</td><td>१०/२०७६/७/२८, वडा सचिव देवि बहादुर बुढाथोकीको पेश्की फछ्र्यौटमा अति अशक्त अपाँगको ४ जना लाभग्राहीलाई वितरणको भरपाई पेश नभएकोले, भरपाई प्रमाण पेश हुनुपर्ने रु</td><td>२५६००.०</td></tr>
<tr><td>६६.</td><td>स्थानीय पूर्वाधार विकास साझेदारीतर्फः ४/२०७७/३/१२, सि.डि.आर कन्ट्रक्सनलाई भुक्तानी भएको रु ३०१९६१ मा अग्रिम करकट्टि रु ४५२९.० नभएको, सम्बन्धित फर्मबाट असुल हुनुपर्ने रु</td><td>४५२९.०</td></tr>
<tr><td>६६.१.</td><td>स्वीकृत भएका योजनाहरुको रकम भुक्तानी र उक्त योजनाको कन्टिन्जेन्सी खर्चको जोड योजनाभन्दा बढी खर्च लेखेकोले बढी खर्च रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>७३२३४.०</td></tr>
<tr><td>६७.</td><td>पेश्कि बाँकीः आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु

<table>
<tr><th>सि नं</th><th>पेश्कि लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>पार्वति निर्माण सेवा</td><td>अछाम</td><td>गा पा भवन निर्माण</td><td>३२०००००.०</td></tr>
<tr><td>२</td><td>जिल्ला प्रशासन कार्यालय</td><td>अछाम</td><td>भैपारी</td><td>५००००.०</td></tr>
<tr><td>३</td><td>भीम निर्माण सेवा</td><td>अछाम</td><td>षोड्शा नि मा वि भवन निर्माण</td><td>९८१०००.०</td></tr>
<tr><td>४</td><td>ढाडपगेडा खा पा तथा सरसफाई योजना उ स</td><td>अछाम</td><td>योजना पेश्की</td><td>१२७४०००.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५०५०००.०</td></tr>
<tr><td></td><td>म्याद नाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>लोक बहादुर बोहोरा</td><td>अध्यक्ष/मेल्लेख</td><td>नखुलेको</td><td>५००००.०</td></tr>
<tr><td>६</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>अछाम</td><td>बिजुलि जडान</td><td>३००००.०</td></tr>
<tr><td>७</td><td>गेटा आँखा अस्पताल</td><td>अछाम</td><td>स्वास्थ्य शिविर</td><td>२९४१६५.०</td></tr>
<tr><td>८</td><td>भीम निर्माण सेवा</td><td>अछाम</td><td>प्रदेश सरकार मोबिलाईजेसन</td><td>८७६०००.०</td></tr>
<tr><td>९</td><td>अनिता खड्का</td><td>मेल्लेख</td><td>कार्यक्रम संचालन</td><td>१०००००.०</td></tr>
<tr><td>१०</td><td>गोविन्द बहादुर बोहरा</td><td>मेल्लेख</td><td>ढुवानी</td><td>८०००.०</td></tr>
</table>
</td><td>१४३४६६५.०</td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | ११ | नमराज भण्डारी | मेल्लेख | मसलन्द | ६५००.० | |
| | १२ | कृष्ण बा रोकाया | मेल्लेख | मसलन्द | ७००००.० | |
| | **जम्मा** | | | | १४३४६६५.० | |

## मेल्लेख गाउँपालिका सञ्चित कोष विवरण

अनूसुची १

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाडफाड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | मेल्लेख गाउँपालिका | अछाम | ० | ४२०४४६ | ५८९७२ | १८०५ | २५८७ | ४८३८१० | २९८८३६ | ११२२६ | ४१५३३ | ४५२५९५ | ३१२१५ |

## बेरुजु वर्गकरण( बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनूसुची २

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | **जम्मा** |
| १ | मेल्लेख गाउँपालिका | ६६ | १७ | २३१३६ | ० | ० | ० | ६६ | १७ | २३१३६ | ९५७५ | १८०८ | १०३१९ | ० | ० | १२१२७ | ५५८ | ८७६ | १४३४ |

## अद्यावधिक बेरुजु स्थिति

अनूसुची ३

२०७६।७७

(रु हजारमा)

| स्थानीय तह | गत बर्ष सम्मको बाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मेल्लेख गाउँपालिका | १०२३७१ | ० | ५१९०१ | ५१९०१ | ० | ० | ५०४७० | २३१३६ | ७३६०६ | ६०७८ |